२१औं नगरपरिषदको वजेट नीति तथा कार्यक्रम सार्वजनिककीकरण समारोहका
प्रमुख अतिथि माननीय सभासद् श्री आनन्द प्रसाद पोखेलज्यू,
राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,
प्रमुख जिल्ला अधिकारीज्यू,
स्थानीय विकास अधिकारीज्यू,
पूर्व नगर प्रमुख, उप प्रमुख एवं पदाधिकारीज्यूहरु,
प्रमुख सेनानीज्यू
प्रहरी नायव उपरिक्षकज्यू
नगरमा प्रतिनिधि गर्ने राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
कार्यालय प्रमुखज्यूहरु,
नेपाल पत्रकार महासंघ दोलखाका सभापति वा प्रतिनिधिज्यू,
दोलखा उद्योग वाणिज्य संघका अध्यक्ष वा प्रतिनिधिज्यू,
वडा स्तरिय राजनैतिक दलका प्रतिनिधिज्यूहरु,
पेशागत संघसस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
आमन्त्रित संचारकर्मीज्यूहरु,
बुद्धिजीवी, नगरवासी दाजुभाइ/दिदीबहिनी, सुरक्षाकर्मीहरु एवं कर्मचारी मित्रहरु तथा अन्य
उपस्थित महानुभावहरु,

सर्वप्रथम म भीमेश्वर नगरपालिकाको २१ औं नगरपरिषदका निर्णयहरु सार्वजनिकीकरण समारोहमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु लगायत यहाँहरु सवैलाई भीमेश्वर नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

नेपालको मुहार फेर्ने हेतुले नेपालको राजनीतिक, आर्थिक, सामाजिक तथा सुसँस्कृत नेपाल निर्माणको लागि विभिन्न चरणमा भएका आन्दोलनका क्रममा आफनो अमूल्य जीवन त्याग गर्नुहुने सम्पूर्ण शहीदहरुप्रति म हार्दिक श्रन्दाञ्जली अर्पण गर्दछु ।

**उपस्थित श्रद्धेय महानुभावहरु,**

वास्तवमा स्थानीय निकाय भनेको स्थानीय सरकार हो र यसको संचालन जनप्रतिनिधिहरुले नै गर्ने हो, तर बिडम्बना जनप्रतिनिधिहरुद्धारा संचालित हुनु पर्ने नगरपालिका विगत लामो समय देखि कर्मचारीहरुबाट संचालित रहेको अवस्था छ । यस्तो अवस्था भएपनि स्थानीय राजनीतिक दलहरुसंगको समन्वय र सहकार्यमा नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रमहरु संचालन गरिरहेको यहाँहरु सवैलाई सर्वविदितै छ  र भविष्यमा पनि यहाँहरुको सार्थक सहयोग हुने नै  छ भन्ने मैले विश्वास लिएको छु ।

एकातर्फ न्यून केन्द्रीय वजेट, अर्को तर्फ न्यून आन्तरिक आय रहेको अवस्थामा नगरवासीहरुमा देखापरेको विकासको तिव्र चाहनालाई सम्वोधन गर्नु नगरपालिकाको प्रमुख चुनौतीको रुपमा रहेको छ । यस चुनौतीको वावजुद सीमित स्रोतबाट अधिकतम लाभ हुने गरी नगरपालिकाले केहि देखिने/हेरिने किसिमका कार्यहरुको थालनी गरेको छ । यसै सर्न्दभमा आन्तरिक आयलाई वृद्धि गर्न नगरपालिकाको करको दायरा फराकिलो गर्ने रणनीति लिएको यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

नेपालको प्रमाणिक समयको आधार लिएको गौरीशंकर हिमालको काखमा रहेको भीमेश्वर नगरपालिका ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक महत्व रहेको भीमेश्वर मन्दिर पनि यसै नगरपालिका भित्र रहेको छ ।  साथै, नेपालको पहिलो मुद्रा निष्काशन गर्ने तत्कालिन द्धाल्खा राज्यका राजा ईन्द्रसिंदेव

पनि यसै नगरपालिका क्षेत्रमा रहेको सर्वविदितै छ । यस नगरपालिका राजधानी काठमाण्डौबाट नजिक भएको, हाल संचालनमा आएको खुर्कोट पूलले गर्दा तराईसँगको सम्बन्धमा आएको सहजता, पर्यटकीय क्षेत्रमा देखिएका विविधताको उपलब्धता, स्वदेशी लगानीको पहिलो जलबिद्युत आयोजना माथिल्लो तामाकोशी, पर्यटकीय गन्तव्य समेत रहेको धार्मिक स्थल कालिञ्चोक एवं शैलुङ्गको साथै पर्यटकीय नगरी जिरी समेतको "हब" को रुपमा विकसित हुदै गरेको अवस्थामा ती क्षेत्रहरु यस नगरपालिकाका दीर्घकालीन सम्भावनाका श्रोतहरु हुन् ।

## वजेट तर्जुमाका आधारहरु

सहभागितामूलक योजना तर्जुमाको मूलमर्म अनुरुप आ.व. २०७२।०७३ को वजेट तर्जुमा गर्दा मूख्य निम्न आधारहरु लिइएको छ ।

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६
- स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४,
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समितिबाट प्राप्त बजेट सम्वन्धि मार्गदर्शन एवं निर्देशिकाहरु,
- नगरपालिकाको प्रथम आवधिक योजना (०६८।०६९-०७२।०७३)
- न्यूनतम शर्त तथा कार्यसम्पादन मापन **(MCPM)** कार्यविधि, २०६९
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव र भीमेश्वर नगरपालिकाका कार्यकारी अधिकृत बीच भएको कार्यसम्पादन सम्झौता
- स्थानीय माग अनुसार नगरपालिकामा राजनैतिक दलको तर्फबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुले दिएका राय सुझावहरु

## नीति तथा कार्यक्रमहरु

**आदरणीय महानुभावहरु,**

उल्लेखित आधारमा भीमेश्वर नगरपालिकाले आ.व. २०७२।०७३ का लागि निम्नानुसारको नीति तथा कार्यक्रम अवलम्वन गर्नेछ ।

- "भीमेश्वर नगर, सफा नगर"को अवधारण अनुरुप फोहरलाई कुहिने र नकुहिने फोहरकोरुपमा वर्गीकरण गरी कुहिने फोहरलाई कम्पोष्ट मलकोरुपमा उपयोग गर्ने गरी र नकुहिने फोहरलाई फोहर संकलन केन्दमा फोहर व्यवस्थापन गर्ने नीति लिइएको छ ।

- वातावरणमैत्री स्थानीय शासन कार्यान्वयन गर्न कुहिने फोहरलाई कम्पोष्ट मल वनाई वजारक्षेत्रका घरहरुको कौशिमा वा करेसावारीमा तरकारीखेती गर्न अभिप्रेरित गरिनेछ ।

- वातावरण प्रदुषण हुन नदिन नगरपालिकालाई प्लाष्टिकमुक्त नगरपालिकाको रुपमा विकास गर्न मापदण्ड विपरितको प्लाष्टिक प्रयोगमा रोक लगाईने नीति लिइएको छ ।

- नगरपालिका क्षेत्रमा हरेक वर्ष १ कि.मि. सडकको दाँया वाँया वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।

- वैकल्पिक उर्जालाई प्रर्वद्धन गर्न सडक वत्तिलाई उर्जाको माध्यमबाट सडक वत्ति संचालनमा ल्याउने नीति लिइएको छ ।

- टोल सुधार समितिहरु गठन र विस्तार गदै शहरी सुशासन कायम गर्न नगरवासीलाई अभिप्रेरित गरिनेछ ।

- राष्ट्रिय भवन संहिता, २०६० र भवन निर्माण सम्वन्धि मापदण्ड, २०७१ लाई नागरिकहरुकै सहभागितामा कडाईकासाथ कार्यान्वयन गर्ने नीति लिइनेछ ।

- भौतिक पूर्वाधार, सामाजिक परिचालन, आय आर्जन , पर्यटन विकास लगायत अन्य क्षेत्रमा सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार कार्य गर्ने नीति लिइएकोछ ।

- सडक क्षेत्र मिच्ने, नक्शा पास नगरी भवन निर्माण गर्ने, सार्वजनिक स्थानमा टहरा वनाउनेहरुलाई निरुत्साहित गर्दै कानूनी सजाय गर्ने नीति लिइएको छ । सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिईनेछ ।

- शहरी विकास तथा भवन निर्माण विभागसंगको सहकार्यमा यस नगरपालिकाको प्रथम आवधिक योजना (०६८।०६९- ०७२।०७३) लाई यहि आ.व. मा शहरी विकास तथा भवन निर्माण विभागको सहयोगमा अध्यावधिक गरिनेछ ।

- नगरमा उपलब्ध जमिनको प्रभावकारी उपयोग गर्दै व्यवस्थित नगरको विकास गर्न कुन स्थानमा जमिनको कस्ता प्रयोजनहरुको लागि उपयोग गर्न दिने भन्ने मूख्य भू-उपयोग क्षेत्र- आवासिय क्षेत्र, व्यापारिक क्षेत्र, कृषि क्षेत्र, हरित क्षेत्र, संरक्षित क्षेत्र आदि को निर्धारण गरी सो क्षेत्रहरु स्पष्ट देखिने गरी प्रभावकारी भू-उपयोग योजना निर्माण गर्ने लक्ष्य लिइएकोछ ।

- बढ्दो शहरीकरणलाई ध्यानमा राखी सार्वजनिक नीजि साझेदारी मोडलमा भू-उपयोग योजनाले निर्दिष्ट गरेका आवासीय क्षेत्रमा **Land Pooling** कार्यक्रम लागू गरिनेछ ।

- शहरी विकास तथा भवन निर्माण विभाग र यस नगरपालिकाको संयुक्त लगानीमा निर्मित **Urban Map** को प्रयोग मार्फत घर नम्वरिङ्ग सिस्टम आगामी वर्ष देखि शुरुवात गरिनेछ । नमूना कार्यको रुपमा चरिकोट वजार क्षेत्र (वडा नं. १ र १०) र दोलखा वजार क्षेत्र (वडा नं. २, ३ र ४) लाई लिईनेछ ।

- भीमेश्वर नगरपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा अघि वढाउन विधमान ऐतिहासिक, धार्मिक क्षेत्रहरुको अध्ययन/अनुसन्धान, संरक्षण/सुधार एंव पर्यटकीय पूर्वाधारहरु निर्माण गर्न विशेष पहल गरिनेछ ।

- एक वडा एक पहिचान अर्न्तगत प्रत्येक वडाको पहिचान झल्किने कार्य गर्न विशेष पहल गरिनेछ।

- भीमेश्वर मन्दिर र त्यस  वरपरको क्षेत्रलाई विश्व सम्पदा सूचिमा समावेश गराउन आवश्यक पहल गरिने र सो क्षेत्र लाई धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गर्ने नीति लिइएको छ ।

- ऐतिहासिक, धार्मिक र साँस्कृतिक धरोहर दोलखाको वडा नं. २, ३ र ४ को आवास क्षेत्रलाई समेटी विशेष गुरुयोजना तयार गरी सो अनुसारको संरक्षण र सम्बर्द्धनमा जोड दिइनेछ । सो क्षेत्रलाई समेत विश्व सम्पदा सूचिमा समावेश गराउन आवश्यक पहल गरिनेछ ।

- नगर भित्रका सवै सडकहरुको **Right of Way** निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्यनको आवश्यक व्यवस्था मिलाईनेछ । साथै नगरपालिका क्षेत्र भित्रका सडकहरुमा पर्ने जग्गाहरु नगरपालिकाको स्वामित्वमा आउने गरी कित्ताकाट गर्ने कार्यलाई अघि वढाईनेछ ।

- आगामी आ.व. भित्र नगरक्षेत्र भित्रका सडकहरुको तथ्याङ्क (**Road Inventory**) तयार गरी नगर यातायात गुरुयोजना वनाउने लक्ष्य लिइएको छ ।

- नगरका प्रमुख बस्तिहरुमा साना सवारी एवं नगरबस जस्ता सार्वजनिक यातायात संचालन गर्न आवश्यक नीति तय गरिनेछ । सडकहरुलाई चालु हालतमा राख्न नगरस्तरीय मर्मत संभार कोषको स्थापना गरिनेछ ।

- नगरपालिकाले प्रवाह गर्ने सेवा सुविधालाई कर संग आवद्ध गरी आन्तरिक आयमा वृद्धि गर्ने रणनीति लिइएको छ ।

- वालश्रमलाई हतोत्साहित र निवारण गर्न नगरपालिकाले गर्ने सेवा प्रवाहको निवेदनमानै यसै आ.व. देखि “वालश्रम नगर्ने र नगराउने” प्रतिवद्धता व्यक्त गराउने नीति लिइएको छ ।

- भीमेश्वर नगरपालिकालाई वालमैत्री स्थानीय शासनको अवधारणाकोरुपमा विकास गर्न नगरपालिका क्षेत्रका वालसंगठनहरुलाई सुदृढ गरी परिचालन गर्ने नीति लिइएको छ ।

- नगर क्षेत्रमा सूचना केन्द्रको विकासको लागि नेपाल पत्रकार महासंघ दोलखासंग समन्वय र सहकार्य गर्ने नीति लिइएको छ ।

- नगरपालिकाले प्रवाह गर्ने सेवालाई अझ प्रभावकारी वनाउन विधुतीय शासन(e-governance) लाई कार्यान्वयन गदै लगिनेछ ।

- नगरपालिकाले संचालन गर्ने आयोजनाहरुमा योजनागत अनुशासन र गुणस्तर कायम गर्न सर्वपक्षीय अनुगमन पश्चात् मात्र भुक्तानी गर्ने नीति लिइएकोछ ।

- आगलागी जस्ता विपद व्यस्थापनका लागि आगामी आ.व. मा दमकल खरिद गरी सरोकारवाला निकायहरु संगको समन्वयमा दमकलको संचालन तथा व्यवस्थापन गरिने छ ।

- महिला वालवालिका, दलित अपाङ्ग, जेष्ठ नागरिक, पिछडिएको वर्ग लगायतका लागि स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार विनियोजित रकमको प्रभावकारिताका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**उपस्थित श्रद्धेय महानुभावहरु,**

अव म आर्थिक बर्ष २०७२/०७३ को लागि २१ औ नगरपरिषदबाट स्वीकृत बजेटको सारांश प्रस्तुत गर्न चाहन्छु ।

भीमेश्वर नगरपालिकाको **आ.व. २०७०/०७१** को यथार्थ पुजीगत खर्च रु ३ करोड २२ लाख ११ एघार ९ सय ९६ रुपैया थियो भने चालु खर्च रु १ करोड ५१ लाख ५ हजार ४ सय समेत **कुल वजेट रु ४ करोड ७३ लाख १७ हजार ३ सय ९६ रुपैया** रहेको थियो । जस मध्ये पुजीगत खर्च ६८.०७ प्रतिशत र चालु खर्च ३१.९३ प्रतिशत रहेको छ ।

सो को आधारमा यस परिषदबाट चालु **आ.व. २०७१/०७२** को लागि पुजीगत खर्च रु ५ करोड ४० लाख ६ हजार र चालु खर्च रु १ करोड ५७ लाख ५० हजार ८ सय १० रुपैया ९३ पैसा समेत **कुल वजेट रु. ६ करोड ९७ लाख ५६ हजार ८ सय १० रुपैया ९३ पैसा** को संसोधन अनुमान पेश गरेको छु । जस मध्ये पुजीगत खर्च ७२.४२ प्रतिशत र चालु खर्च २२.५८ प्रतिशत रहेको छ ।

त्यसै गरि आगामी **आ.व. २०७२/०७३** को लागि नगरपालिकालाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समिति दोलखा र अन्य निकायबाट प्राप्त बजेट सम्वन्धि मार्ग निर्देशन तथा सिलिङका आधारमा आगामी आ.व. २०७२/०७३ को लागि पुजीगत खर्च रु ५ करोड ३० लाख २८ हजार र चालु खर्च रु १ करोड ७१ लाख ९० हजार १ सय समेत **कुल वजेट रु ७ करोड २ लाख १८ हजार १ सय** को अनुमान पेश गरेको छु । जस मध्ये पुजीगत खर्च ७५.५१ प्रतिशत र चालु खर्च २४.४९ प्रतिशत रहेको छ ।

**आदरणीय महानुभावहरु**

अन्त्यमा, भीमेश्वर नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरी व्यस्त समयको वावजुद प्रमुख अतिथिको रुपमा उपस्थित भै यस सार्वजनिकीकरण समारोहको शोभा वढाईदिनु भएकोमा माननीय सभासद्ज्यू, अतिथिज्यूहरु लगायत सम्पुर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै नगरपरिषदको तयारीको लागि अहोरात्र खटिनु भएका कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरुलाई पनि विषेश धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

**संजय बहादुर राजलवट**
प्रमुख एवं कार्यकारी अधिकृत
भीमेश्वर नगरपालिका कार्यालय
२८ पौष २०७१